स्थानिय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि , २०७५ को
अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०१ संख्याः ०७ मितिः २०७५।०२।२५**

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७४।०४।१९ गते विरुवा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको **"विरुवा गाउँपालिकाले तयार पारेको उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधि-२०७४"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

१. उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

२. स्थानीय तहका वहालवाला पदाधिकारी, स्थानीय तह अन्तर्गत रहेका विभिन्न समितिका सदस्यहरू, राजनीतिक दलका प्रमुखहरू, वहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फछ्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पत्ति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

३. उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तिमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनुका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतयाः साक्षर पढ्नलेख्न जानेको हुनुपर्नेछ ।

४. एकै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

५. उपभोक्ता समिति गठन गर्दा स्थानीय तहको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको सदस्यको अध्यक्षतामा आमभेला बस्नुपर्नेछ । आमभेलामा वडा सचिव वा सामाजिक परिचालक मध्ये एकजनाको उपस्थिति अनिवार्य हुनेछ । यसरी खटिने वडा सचिव वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरेपछि सोको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

६. उपभोक्ता समिति गठन गर्दा प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने पदाधिकारी, कर्मचारी, सामाजिक परिचालक, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

७. उपभोक्ता समितिको गठन सर्वसम्मत रूपमा गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा तोकेको विधि अनुसार खटिएका पदाधिकारी र कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरी सोको जानकारी गा.का.पा. मा गराउनुपर्नेछ ।

८. सामाजिका परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, नियमानुसार दर्ता भएका आमा

समूह, कृषि समूह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

९. यस वर्षदेखि उपभोक्ता समूहहरूलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकमहरू बैंकमार्फत मात्र भुक्तानी गरिनेछ । उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालनको तीनपुस्ते खुलाई आयोजना खाता र स्थानीय तहमा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरूको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ । उपयुक्त समयमा उपभोक्ता समितिहरूलाई गा.का.पा. को कार्यालयबाट प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।

१०. यसमा लेखिएका कुराहरू यसै बमोजिम तथा नलेखिएका कुराहरू नेपालको प्रचलित कानून एवम् स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम हुनेछ ।

**आज्ञाले**

**नेत्र प्रसाद पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**